# स्थानीय राजपत्र

## मेल्लेख गाउँपालिकाद्वारा प्रकाशित

**खण्ड ९ संख्या ९ मिति २०८२ चैत्र ५ गते**


## भाग १

## मेल्लेख गाउँपालिकाको सूचना

सुदूरपश्चिम प्रदेशको **स्थानीय तहको कानुन निर्माण प्रक्रिया ऐन, २०७५** को दफा २४ को उपदफा (५) बमोजिम बमोजिम सर्वसाधारण जनताको जानकारीका लागि यो ऐन प्रकाशन गरिएको छ;

### संवत् २०८२ को ऐन नं ९

### खानेपानी, सरसफाइ तथा स्वच्छता ऐन, २०८२

**प्रस्तावना:** गाउँपालिका क्षेत्रका पानीका मुहानहरुको समुचित उपयोग, संरक्षण, व्यवस्थापन र विकास गरी गाउँपालिका बासी नागरिकलाई स्वच्छ, सुरक्षित र गुणस्तरीय खानेपानी उपभोग गराउन र सरसफाइ तथा स्वच्छताको उचित व्यवस्थापन गर्ने सम्बन्धमा कानुनी ब्यवस्था गर्न वाञ्छनीय भएकोले,

मेल्लेख गाउँपालिका

नेपालको संविधानको धारा २२६ बमोजिम मेल्लेख गाउँ सभाले यो बनाएको छ।

## परिच्छेद -१
## प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यस ऐनको नाम **"खानेपानी, सरसफाइ तथा स्वच्छता ऐन, २०८२"** रहेको छ।

(२) यो ऐन मेल्लेख गाउँपालिकाको राजपत्रमा प्रकाशित भएपछि प्रारम्भ हुनेछ।

२. **परिभाषा**: विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस ऐनमा,

(क) "अनुमतिपत्र" भन्नाले दफा १५ बमोजिमको अनुमतिपत्र सम्झनु पर्छ।

(ख) "अनुमतिपत्र प्राप्त संस्था" भन्नाले खानेपानी, सरसफाइ तथा स्वच्छता सम्बन्धी सेवा प्रदान गर्ने सङ्गठित संस्था सम्झनु पर्छ।

(ग) "आयोजना" भन्नाले खानेपानी, सरसफाइ तथा स्वच्छता सम्बन्धी सेवा प्रदान गर्ने भौतिक संरचनाको निर्माण, विस्तार वा सुधार र तत्सम्बन्धी अन्य कार्य गर्ने उद्देश्यले सञ्चालित आयोजना सम्झनु पर्छ।

(घ) "उपभोक्ता" भन्नाले खानेपानी, सरसफाइ तथा स्वच्छता सेवा

मेल्लेख गाउँपालिका

उपयोग गर्ने व्यक्ति, संस्था, प्रतिष्ठान वा निकाय सम्झनु पर्छ।

(ङ) “उपभोक्ता संस्था” भन्नाले सामुदायिक रुपमा सामुहिक हितका लागि सामुदायिक रुपमा खानेपानी, सरसफाइ तथा स्वच्छता सेवा सञ्चालन गर्ने सामुदायिक संस्था सम्झनु पर्छ।

(च) “कार्यपालिका” भन्नाले मेल्लेख गाउँपालिकाको कार्यपालिका सम्झनु पर्छ।

(छ) “खानेपानी सेवा” भन्नाले खानेपानीको सञ्चय, स्थानान्तर तथा वितरण गरी घरेलु, सार्वजनिक, संस्थागत वा औद्योगिक उपयोगको लागि खानेपानी आपूर्ती गर्ने कार्य सम्झनु पर्छ र सो शब्दले थोक, ट्याङ्कर वा बोतलबन्दी रुपमा खानेपानी उपलब्ध गराउने कार्य समेतलाई जनाउँछ।

(ज) “गाउँपालिका” भन्नाले मेल्लेख गाउँपालिका सम्झनु पर्छ।

(झ) “तोकिएको वा तोकिएबमोजिम” भन्नाले यो ऐन वा यस ऐन

अन्तर्गत बनेको नियममा तोकिएको वा तोकिएबमोजिम सम्झनु पर्छ।

(ञ) "प्रमुख प्रशासकीय अधिकृत" भन्नाले मेल्लेख गाउँपालिकाको प्रमुख प्रशासकीय अधिकृत सम्झनु पर्छ।

(ट) "फोहोरमैला" भन्नाले घरेलु फोहोरमैला, औद्योगिक फोहोरमैला, रासायनिक फोहोरमैला, स्वास्थ्य संस्थाजन्य फोहोरमैला वा हानिकारक फोहोरमैला सम्झनु पर्छ र सो शब्दले तत्काल प्रयोग हुन नसक्ने अवस्थामा रहेका, फालिएका वा सडेगलेका, वातावरणमा ह्रास आउने गरी निष्काशन गरिएका ठोस, तरल, ग्यास, लेदो, धुवाँ, धुलो, विद्युतीय तथा सूचना प्रविधिका लागि प्रयोग भएका सामग्रीहरू लगायतका पदार्थ वा त्यस्तै प्रकारका अन्य वस्तुहरु वा अनधिकृत रुपमा सार्वजनिक स्थलमा टाँसिएका पोस्टर, पम्पलेट र गाउँपालिकाले समय समयमा स्थानीय राजपत्रमा सूचना प्रकाशन

गरी फोहोरमैला भनी तोकिदिएको अन्य वस्तु समेतलाई जनाउँछ।

(ठ) "सरसफाइ सेवा" भन्नाले फोहोर पानी व्यवस्थापन, मानव मलमूत्रीय फोहोर व्यवस्थापन तथा ढल निकास गरी वातावरणीय स्वच्छता कायम राख्ने कार्य सम्झनु पर्छ र सो शब्दले पानीको स्रोतको संरक्षण गर्न ढल निकास प्रणाली, फोहोर पानी प्रशोधन प्रणाली, घरेलु तथा सार्वजनिक शौचालयको निर्माण, सञ्चालन तथा प्रवर्द्धन गर्ने कार्य समेतलाई जनाउँछ।

(ड) "समन्वय समिति" भन्नाले दफा ७ बमोजिमको गाउँपालिका स्तरीय खानेपानी, सरसफाइ तथा स्वच्छता समन्वय समिति सम्झनु पर्छ र सो शब्दले वडा स्तरीय खानेपानी, सरसफाइ तथा स्वच्छता समन्वय समिति समेतलाई जनाउँछ।

(ढ) "स्वच्छता" भन्नाले नियमित रुपमा शौचालयको प्रयोग गर्ने, नियमित रुपमा साबुन पानीले हात धुने, घरायसी तहमा पिउने पानीको

सुरक्षित व्यवस्थापन र शुद्धिकरण गर्ने, व्यक्तिगत सरसफाइ कायम गर्ने र घर भित्र र बाहिरका तरल र ठोस फोहोर मैलाको उचित व्यवस्थापन गरी पूर्ण स्वच्छता कायम गर्ने कार्यलाई समेत जनाउँछ।

(ण) "सुरक्षित खानेपानी" भन्नाले सामान्यतया राष्ट्रिय खानेपानी गुणस्तर मापदण्ड २०७९ ले तोकेको मापदण्ड पुरा गर्न सक्ने खानेपानी सम्झनु पर्छ र सो शब्दले हालको अवस्थामा धमिलोपना, मानव स्वास्थ्य संग सम्बन्धित आर्सेनिक तथा अन्य हानिकारक प्रदुषणको सघन सिमा मापदण्ड भित्र रहेको र इकोलि नभएको वा वितरण प्रणालीको अन्तिम प्रयोग विन्दुमा क्लोरिनको अवशेष मापदण्ड भित्र रहेको खानेपानी समेतलाई जनाउँछ।

(त) "सामाजिक व्यवहार परिवर्तन" भन्नाले पानीको उत्पादनशील र बहु उपयोग, जल सुरक्षा, प्रदुषण न्यूनीकरण, स्वच्छता तथा

जलस्रोत व्यवस्थापनका साथै आयोजनाको दिगोपनाका लागि आवश्यक व्यक्तिगत, घरधुरी र समुदायले अवलम्बन गर्नुपर्ने सामान्य हितकर व्यवहार सम्झनु पर्छ।

(थ) “सेवा प्रणाली” भन्नाले खानेपानीको मुहान, पाइप, प्रशोधन संयन्त्र, जल भण्डारण संरचना, जलाशय वा सरसफाइ सेवासँग सम्बन्धित संरचना वा त्यस्तै किसिमका अन्य उपकरण वा संरचना सम्झनु पर्छ र सो शब्दले खानेपानी तथा सरसफाइ सेवासँग आवद्ध भएको घर, जग्गा र त्यसमा निर्मित संरचनालाई समेत जनाउँछ।

(द) “सङ्गठित संस्था” भन्नाले खानेपानी, सरसफाइ तथा स्वच्छता सेवा सञ्चालन गर्नको लागि यस ऐन तथा अन्य प्रचलित कानुन बमोजिम दर्ता भई स्थापना भएका खानेपानी तथा सरसफाइ उपभोक्ता संस्था, कम्पनी, सहकारी संस्था सम्झनु पर्छ र सो शब्दले यस ऐन वा प्रचलित कानुन



मेल्लेख गाउँपालिका

बमोजिम खानेपानी तथा सरसफाइ सेवा प्रदान गर्ने उद्देश्यले स्थापना भएका अन्य संस्था, समिति वा निकाय समेतलाई जनाउँछ।

(ध) "हानिकारक फोहोरमैला" भन्नाले वातावरणमा ह्रास ल्याउने, मानव तथा अन्य प्राणीको स्वास्थ्यमा हानी नोक्सानी पुऱ्याउने विभिन्न रुपमा निष्काशित वस्तु, पदार्थ तथा रेडियो विकिरण सम्झनु पर्छ।

## परिच्छेद २

## खानेपानी, सरसफाइ तथा स्वच्छताको अधिकार र कर्तव्य

३. **स्वच्छ खानेपानी तथा सरसफाइको अधिकार**: (१) यस गाउँपालिकाबासीको नियमित रुपमा स्वच्छ, गुणस्तरीय, प्रर्याप्त, सुलभ, सहज तथा भेदभाव रहित रुपमा खानेपानी तथा सरसफाइमा पहुँचको अधिकार हुनेछ।

(२) उपदफा (१) बमोजिम अधिकारको सम्मान, संरक्षण, सम्वर्द्धन, परिपूर्ति र कार्यान्वयन गर्ने जिम्मेवारी गाउँपालिकाको हुनेछ।

४. **पानीको स्रोत सदुपयोग र विकासको अधिकार:** (१) सङ्घीय ऐन तथा प्रचलित कानुनको अधीनमा रहि पानीका स्रोतको सदुपयोग र विकास गर्ने अधिकार गाउँपालिकाको हुनेछ।

(२) उपदफा (१) बमोजिमको अधिकार प्रयोग गर्दा कुनै व्यक्ति तथा समुदाय, विद्यालय, अस्पताल मठमन्दिर

धार्मिक स्थल जस्ता सामाजिक संस्थाका लागि उपलब्ध भएको खानेपानी सेवा अर्को वैकल्पिक व्यवस्था नभए सम्म उक्त स्रोतको सदुपयोग गर्ने हक सम्बन्धित व्यक्ति, समुदाय, खानेपानी उपभोक्ता संस्था, र सामाजिक संस्थामा सुरक्षित रहनेछ।

(३) पानीको स्रोतको सदुपयोग गर्न गाउँपालिकाले जल उपयोग गुरुयोजना बनाई कार्यान्वयन गर्नेछ।

५. **<u>पानीको स्रोत तथा मुहानको संरक्षण:</u>** (१) पानीका स्रोत तथा मुहानको संरक्षणका लागि गाउँपालिकाले देहायका कार्यहरू र स्थानीय आवश्यकताको आधारमा थप कार्यहरूको पहिचान गरी विशेष योजना बनाई कार्यान्वयन गर्नेछ।

(क) जलाधार, नदी, ताल, तलाउ पोखरी, सिमसार जस्ता खानेपानीको स्रोत र खानेपानीको मूल वा मुहान, भूमिगत पानीलाई दिगो बनाई राख्न उपयुक्त उपाय अवलम्बन गर्ने र नियमित रुपमा मर्मत सम्भार र सरसफाइ गर्ने,

(ख) खानेपानीको स्रोतलाई प्रदुषण हुन नदिने र पानीको स्रोत नष्ट वा लोप हुनबाट बचाउने,

(ग) खानेपानीको संरक्षण र दिगो उपयोगका बारेमा खानेपानी

उपभोक्ता वा सम्बन्धित पक्षहरुलाई सचेतना अभिवृद्धि गर्ने,

(घ) खानेपानीको स्रोत प्रदूषण हुन नदिन तथा पानीको मूल, वहाव क्षेत्र, वहाव प्रणालीमा वा भूमिगत पानीको स्रोतको संरक्षणका लागि जैविक खेती गर्न र चरीचरण नियन्त्रण गर्न कृषकहरुलाई प्रोत्साहन गर्ने,

(ङ) खानेपानीको मूहान, वहाव क्षेत्र वा सो क्षेत्रका प्रणालीमा प्रतिकूल असर पर्ने गरी विषादी वा विष्फोटक पदार्थ प्रयोग गर्न बन्देज गर्ने,

(च) पानीको स्रोत र मुहानको प्रदुषण गर्न सक्ने ठोस वा लेदो फोहोरमैला, माटो, ढुङ्गा, खरानी, मलमुत्र, रासायनिक फोहोरमैला बिसर्जन, निष्कासन वा फ्याँक्ने कार्य वा क्रियापलाप नगर्ने,

(छ) सडक निर्माण लगायत भौतिक पुर्वाधार विकास निर्माणका कार्य गर्दा वातावरणीय अध्ययन गरी खानेपानी वा पानीको स्रोतमा कुनै

किसिमको नकारात्मक असर नआउने गरी गर्ने,

(ज) तोकिएबमोजिम अन्य कार्यहरु गर्ने।

(२) उपदफा (१) को प्रयोजनका लागि गाउँपालिकाले कुनै क्षेत्रलाई मुहान संरक्षण तथा जलाधार क्षेत्र घोषणा गरी सो क्षेत्रको संरक्षण र विकास गर्न सक्नेछ।

६. **गाउँपालिका बासीको कर्तव्य**: पानीको मूल वा मुहान सफा राखु, संरक्षण र संवर्द्धन गर्नु तथा दिगोरुपले उपयोग गर्नु र यो ऐन तथा ऐन अन्तर्गत बनेका नियम, मापदण्ड, कार्यविधि तथा आदेशको पालना गर्नु नागरिकको कर्तव्य हुनेछ।

## परिच्छेद-३

## संस्थागत संरचनाहरु

७. **गाउँपालिका खानेपानी, सरसफाइ तथा स्वच्छता समन्वय समिति**: (१) यस ऐनको कार्यान्वयनका लागि समन्वयात्मक भूमिका निर्वाह गर्न गाउँपालिकामा देहायबमोजिम खानेपानी, सरसफाइ तथा स्वच्छता समन्वय समिति रहनेछः-

(क) अध्यक्ष -संयोजक

(ख) उपाध्यक्ष -सदस्य

(ग) कार्यपालिका सदस्यहरू सबै -सदस्य

(घ) पूर्वाधार विकास शाखा प्रमुख -सदस्य

(ङ) खानेपानी तथा सरसफाइको क्षेत्रमा कार्यरत सङ्घ संस्थाको एक जना प्रतिनिधि -सदस्य

(च) गाउँपालिका भित्रका बिद्यालयबाट एक जना महिला र एकजना पुरुष गरी दुई जना शिक्षक -सदस्य

(छ) गाउँपालिकामा कार्यरत महिला स्वास्थ्य स्वयम् सेविका मध्ये एक जना -सदस्य

(ज) गाउँपालिका स्तरीय वाल क्लवको प्रतिनिधि एक जना -सदस्य

(झ) अपांगता भएका व्यक्तिहरूबाट एक जना -सदस्य

(ञ) गाउँपालिका स्वास्थ्य शाखा प्रमुख एक जना सदस्य -सदस्य

(ट) गाउँपालिकाको प्रमुख प्रशासकीय अधिकृत -सदस्य

(ठ) गाउँपालिकाको खानेपानी तथा सरसफाइ हेर्ने शाखा प्रमुख –सदस्य -सचिव

(२) समितिको बैठकमा खानेपानी तथा सरसफाइ विषयका विज्ञ र सरोकारवालाहरूलाई आमन्त्रण गर्न सकिनेछ।

(३) गाउँपालिका स्तरीय खानेपानी तथा सरसफाइ समन्वय समितिको बैठक तथा निर्णय सम्बन्धी कार्यविधि तोकिएबमोजिम हुनेछ।

८. **गाउँपालिका स्तरीय खानेपानी, सरसफाइ तथा स्वच्छता समन्वय समितिको काम, कर्तब्य र अधिकार**: स्थानीय तह स्तरीय खानेपानी र सरसफाइ समन्वय समितिका काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

(क) खानेपानी तथा सरसफाइ सम्बन्धी नीति तथा योजना एवं कार्यक्रम तर्जुमा र कार्यान्वयनका विषयमा गाउँपालिकालाई सुझाव दिने,

(ख) खानेपानी तथा सरसफाइ सम्बन्धी नीति, योजना तथा कार्यक्रम तर्जुमा कार्यान्वयन, अनुगमनमा लैङ्गिक समानता तथा सामाजिक समावेशिता कायम गर्ने,

(ग) नीति तथा योजनाको कार्यान्वयनको अवस्थाको समिक्षा गरी समयानुकुल संशोधन गर्नका लागि सुझाव पेश गर्ने,

(घ) गाउँपालिकाका लागि आवश्यक पर्ने नीति, कार्यविधि, निर्देशिका तथा नियमहरूको मस्यौदा तयार गर्ने,

(ङ) खानेपानी, सरसफाइ तथा स्वच्छता गुरुयोजनाको निर्माण, प्रभावकारी रुपमा कार्यान्वयन र अनुगमनमा समन्वयकारी भूमिका निर्वाह गर्ने,

(च) विभिन्न विकास साझेदारहरूसँग समन्वय गरी खानेपानी, सरसफाइ तथा स्वच्छता योजना गुरुयोजनाको कार्यान्वयनमा योगदान तथा सहयोग गर्ने,

(छ) खानेपानी गुणस्तर मापनको आवश्यक व्यवस्थान गर्ने,

(ज) कार्यपालिकाले तोकेका अन्य कार्यहरू गर्ने।

९. **<u>खानेपानी सरसफाइ तथा स्वच्छता क्षेत्र हेर्ने शाखा वा एकाइः</u>** (१) गाउँपालिकामा एक खानेपानी सरसफाइ तथा स्वच्छता हेर्ने शाखा वा एकाई रहनेछ।

(२) उपदफा (१) बमोजिम शाखा वा एकाईको भूमिका र जिम्मेवारी देहायबमोजिम हुनेछ।

(क) वार्षिक कार्यक्रममा स्वीकृत भएका खानेपानी सरसफाइ स्वच्छता सम्बन्धी कार्यक्रमहरूको योजना तर्जुमा गर्ने, कार्यान्वयन गर्ने, समन्वय गर्ने।

(ख) खानेपानी सरसफाइ स्वच्छता सम्बन्धी सूचना प्रणाली स्थापित

गरी अद्यावधिक राख्ने तथा आवश्यकता बमोजिम निर्णय प्रक्रियामा सहजिकरणको लागि समितिलाई सही सूचना उपलब्ध गराउने,

(ग) खानेपानी तथा सरसफाइ उपभोक्ता संस्थाहरू गठन, दर्ता तथा नवीकरण सम्बन्धी कार्य गर्ने,

(घ) खानेपानी सरसफाइ स्वच्छता क्षेत्रको वार्षिक प्रतिवेदन तयार गरी समितिमा पेश गर्ने,

(ङ) खानेपानी सरसफाइ स्वच्छता समन्वय समितिको प्रशासनिक तथा अन्य अभिलेखीकरण सहित समितिको सचिवालयको कार्य गर्ने, र

(च) शाखा वा एकाईको अन्य जिम्मेवारी कार्यपालिकाले तोकेबमोजिम हुनेछ।

१०. **वडा स्तरीय खानेपानी, सरसफाइ तथा स्वच्छता समन्वय समिति:** गाउँपालिकाले वडा स्तरमा खानेपानी, सरसफाइ तथा स्वच्छता सम्बन्धी गतिविधिको कार्यान्वयन र समन्वय गर्न देहायबमोजिमको वडा स्तरीय खानेपानी सरसफाइ तथा स्वच्छता समन्वय समिति रहनेछ;

(क) वडा अध्यक्ष -संयोजक
(ख) सबै वडा सदस्य -सदस्य
(ग) वडा स्तरको स्वास्थ्य संस्था प्रमुख -सदस्य
(घ) महिला स्वास्थ्य स्वयम सेविकाहरु मध्येबाट एक जना -सदस्य
(ङ) वडाको उच्चतम् बिद्यालयको प्रधानाध्यापक- सदस्य
(च) वडामा कार्यरत खानेपानी उपभोक्ता समितिहरु मध्येबाट एक जना महिला सहित दुई जना -सदस्य
(छ) वडा अध्यक्षले मनोनित गरेका खानेपानी तथा सरसफाइ क्षेत्रमा योगदान गर्न सक्ने कम्तिमा एक जना महिला सहित तीन जना-सदस्य
(ज) वडा स्तरीय बाल क्लव प्रमुख एक जना - सदस्य

११. **खानेपानी तथा सरसफाइ उपभोक्ता संस्थाको गठन**: (१) खानेपानी तथा सरसफाइ सेवाको सञ्चालन, व्यवस्थापन तथा संरक्षण सामूहिक रूपमा गर्न चाहने उपभोक्ताहरूले यस ऐन बमोजिम खानेपानी तथा सरसफाइ उपभोक्ता समिति गठन गर्न सक्नेछन्।

(२) उपदफा (१) बमोजिम गठन हुने उपभोक्ता समितिमा कम्तीमा सात (७) जना र बढीमा एघार (११) जना सदस्य रहनेछन्।

(३) उपभोक्ता समितिको कार्य समितिमा अध्यक्ष, उपाध्यक्ष, सचिव, कोषाध्यक्ष तथा आवश्यक अन्य सदस्य रहनेछन्।

(४) उपभोक्ता समितिको गठन गर्दा अध्यक्ष र सचिव वा अध्यक्ष र कोषाध्यक्षमध्ये कम्तीमा दुई प्रमुख पदमा महिलाको सहभागिता अनिवार्य गरिनेछ र समितिको कुल सदस्य संख्यामा कम्तीमा पचास प्रतिशत लैङ्गिक समानता सुनिश्चित गर्नुपर्नेछ।

(५) उपभोक्ता समितिको गठन गर्दा सामाजिक समावेशीकरणको सिद्धान्त अनुरूप अपाङ्गता भएका व्यक्ति, दलित, आदिवासी जनजाति, सीमान्तकृत समुदाय, विपन्न वर्ग तथा युवा समुदायको सार्थक सहभागिता सुनिश्चित गर्नुपर्नेछ।

(६) उपभोक्ता समितिको गठन, कार्यकाल, अधिकार, कर्तव्य तथा कार्यविधि यस नियमावली वा कार्यविधिमा तोकिए बमोजिम हुनेछ।

१२. **<u>उपभोक्ता संस्था सङ्गठित संस्था हुने</u>**: (१) उपभोक्ता संस्था अविच्छिन्न उत्तराधिकारवाला स्वशासित र सङ्गठित संस्था हुनेछ।

(२) उपभोक्ता संस्थाको सबै काम कारवाहीको निमित्त आफ्नो छुट्टै छाप हुनेछ।

(३) उपभोक्ता संस्थाले व्यक्ति सरह चल अचल सम्पत्ति प्राप्त गर्न, उपभोग गर्न, बेचबिखन गर्न वा अन्य किसिमले व्यवस्था गर्न सक्नेछ।

(४) उपभोक्ता संस्थाले व्यक्ति सरह नालिस उजुर गर्न र उपभोक्ता संस्था उपर पनि सोही नामबाट नालिस उजुर लाग्न सक्नेछ।

## परिच्छेद-४

## दर्ता र अनुमति सम्बन्धी व्यवस्था

१३. **खानेपानी तथा सरसफाइ उपभोक्ता समितिको दर्ता**: (१) दफा ११ बमोजिम गठन भएका खानेपानी तथा सरसफाइ उपभोक्ता संस्थालाई गाउँपालिकामा तोकिएको अधिकारी समक्ष तोकिएबमोजिम दर्ता गराउनु पर्नेछ।

(२) यो ऐन लागू हुनुपूर्व प्रचलित कानुन बमोजिम जिल्ला जलस्रोत समिति वा अन्य निकायमा दर्ता भई सञ्चालन हुँदै आएका खानेपानी, सरसफाइ तथा स्वच्छता उपभोक्ता संस्था, समूह, वा समिति मध्ये प्रचलित सङ्घीय र प्रदेश कानुन बमोजिम गाउँपालिकाको क्षेत्राधिकार, दायित्व र जिम्मेवारी अन्तर्गत पर्ने किसिमका खानेपानी तथा सरसफाइ उपभोक्ता संस्था, समूह वा समितिहरूले यो ऐन लागू भए पश्चात् गाउँपालिकामा आफ्नो साविक विधान र दर्ता प्रमाणपत्र पेश गरी उपभोक्ता संस्था अद्यावधिक गर्नु पर्नेछ र यस प्रयोजनका लागि नयाँ उपभोक्ता संस्था दर्ता गर्नु पर्ने छैन।

(३) उपभोक्ता संस्थाको गठन तथा परिचालन सम्बन्धी व्यवस्था सम्बन्धित उपभोक्ता समितिको विधान र कार्यपालिकाले तोकिएबमोजिम हुनेछ।

१४. **<u>खानेपानीको स्रोत दर्ता गर्नु पर्ने:</u>** (१) प्राकृतिक रुपमा खानेपानी निसृत हुने क्षेत्र र पानीको स्रोत वा खानेपानीको स्रोत, मूल वा मुहानबाट संकलन गरी खानेपानी व्यवस्थापन गर्न चाहने उपभोक्ता संस्थाले गाउँपालिकामा खानेपानीको मूल वा मुहान दर्ता गर्नु पर्नेछ।

(२) उपदफा (१) बमोजिम मुहान दर्ता सम्बन्धमा कुनै विवाद सृजना भएमा सो सम्बन्धी स्थानीय समुदायको परामर्श लिई सम्बन्धित वडा समितिले विवाद समाधानका लागि सहजीकरण गर्नेछ।

(३) मुहानको स्वामित्व सम्बन्धी विवाद सङ्घीय कानुन बमोजिम हुनेछ।

१५. **<u>अनुमतिपत्र लिनु पर्ने:</u>** (१) गाउँपालिकाको कुनै क्षेत्रमा कुनै कम्पनी वा उद्योग जस्ता व्यवसायिक संस्थाले नाफामूलक वा व्यापारिक प्रयोजनका लागि खानेपानी, सरसफाइ तथा स्वच्छता सेवा प्रदान गर्ने आयोजना वा सेवा प्रणालीको सर्वेक्षण, निर्माण, सञ्चालन तथा व्यवस्थापन गर्न र खानेपानीको स्रोतको व्यवसायिक उपयोग गर्न चाहेमा कार्यपालिकाबाट अनुमतिपत्र लिनु पर्नेछ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भएता पनि सामुदायिक रुपमा सामूहिक प्रयोजनका लागि उपभोक्ता संस्थाले खानेपानी तथा सरसफाइ आयोजनाको सर्वेक्षण, निर्माण, सञ्चालन तथा व्यवस्थापन गर्न र उपभोक्ता

संस्थाद्वारा खानेपानी, सरसफाइ तथा स्वच्छता सम्बन्धी सेवा प्रदान गर्न अनुमतिपत्र लिनुपर्ने छैन।

१६. **अनुमतिपत्र खारेज गर्न सकिने:** (१) गाउँपालिकाले दफा १५ बमोजिम अनुमति प्राप्त संस्थाको सेवा सम्बन्धमा आवश्यक निर्देशन तथा आदेश दिन सक्नेछ र सोको पालना नगरेमा कार्यपालिकाले यस ऐन बमोजिम प्रदान गरेको अनुमतिपत्र खारेज गर्न सक्नेछ।

(२) उपदफा (१) बमोजिम अनुमतिपत्र खारेज गर्नु अघि गाउँपालिकाको प्रमुख प्रशासकीय अधिकृतले सम्बन्धित अनुमतिपत्र प्राप्त संस्थालाई सात दिनको समय दिई आफ्नो सफाई पेश गर्ने मौका दिनु पर्नेछ।

## परिच्छेद-५

## खानेपानी सेवाको व्यवस्थापन

१७. **खानेपानी तथा सरसफाइ सेवाको सञ्चालन तथा व्यवस्थापन:** (१) गाउँपालिकाले खानेपानी तथा सरसफाइ सेवाको सञ्चालन तथा व्यवस्थापन गर्दा आफै वा आफ्नो स्वामित्व वा नियन्त्रणमा रहेको संगठित संस्था मार्फत गर्न सक्नेछ।

(२) गाउँपालिकाले खानेपानी तथा सरसफाइ सम्बन्धी आयोजना कार्यान्वयन गर्दा सम्भव भए सम्म एक घर एक धारा प्रणाली अवलम्बन गरिनेछ।

(३) उपदफा (१) बमोजिम खानेपानी तथा सरसफाइ सेवाको सञ्चालन तथा व्यवस्थापनका लागि उपभोक्ता संस्थालाई प्राथमिकता दिइनेछ।

१८. **खानेपानी आयोजना र संरचनाको हस्तान्तरणः** (१) गाउँपालिकाको क्षेत्राधिकार, दायित्व वा जिम्मेवारी भित्र कुनै पनि नियकाले विकास र निर्माण गरेका खानेपानी तथा सरसफाइ आयोजना गाउँपालिकालाई हस्तान्तरण गर्नु पर्नेछ।

(२) व्यवसायिक तथा व्यापारिक प्रयोजनका लागि सङ्गठित संस्थाले सञ्चालन गरेका खानेपानी तथा सरसफाइ आयोजना र सोको संरचनाहरू उक्त सङ्गठित संस्थाले पाएको अनुमतिपत्रको अवधि सकिएपछि वा अनुमतिपत्र खारेज भएको अवस्थामा उक्त आयोजना र सोको संरचनाहरू पनि गाउँपालिकालाई हस्तान्तरण गर्नु पर्नेछ।

(३) उपदफा (१) र (२) बमोजिम गाउँपालिकामा हस्तान्तरण भएका आयोजनाहरू दफा १७ बमोजिम सञ्चालन र व्यवस्थापन गरिनेछ।

१९. **गुणस्तर मापदण्ड तोक्न सक्ने**: (१) खानेपानी तथा सरसफाइ तथा स्वच्छता सम्बन्धी सेवाको सञ्चालन तथा व्यवस्थापनमा अवलम्बन पालना गर्नुपर्ने गुणस्तर मापदण्डहरू नेपाल सरकारले निर्धारण गरे बमोजिम हुनेछन्।

(२) नेपाल सरकारले निर्धारण गरेको न्यूनतम् मापदण्ड अन्तर्गत रही सो मापदण्डमा तोकेको गुणस्तरभन्दा न्यून नहुने गरी गाउँपालिकाले आफ्नो क्षेत्रका लागि खानेपानी तथा सरसफाइ र स्वच्छता सम्बन्धमा आवश्यक मापदण्ड तोक्न सक्नेछ।

२०. **गुणस्तर कायम गर्नु पर्ने**: (१) उपभोक्ता संस्था र अनुमतिपत्र प्राप्त संस्थाले दफा १९ बमोजिम तोकेको गुणस्तर र मापदण्डको पालना गर्नु पर्नेछ।

(२) गाउँपालिकाले दफा १९ बमोजिम गुणस्तर कायम भए नभएको जाँच गर्न आफै प्रयोगशाला स्थापना गरी वा अन्य तरिकाले गुणस्तर परीक्षणको व्यवस्था गर्नु पर्नेछ।

(३) उपभोक्ता संस्था र अनुमतिपत्र प्राप्त संस्थाले पानीको स्वच्छता कायम राख्न पानी सुरक्षा सम्बन्धी योजना बनाई कार्यान्वयन गर्नु पर्नेछ।

(४) गाउँपालिका, उपभोक्ता संस्था र अनुमतिपत्र प्राप्त संस्थाले पानीको गुणस्तर कायम गर्न समुदाय तहमा पानी सुद्धिकरणका घरेलु विधि सम्बन्धी चेतनामूलक कार्यक्रम सञ्चालन गर्नु पर्नेछ।

२१. **नीजि तथा सार्वजनिक जग्गामा पाईप लाईन तथा संरचनाको निर्माण**: (१) सङ्घीय ऐनको दफा २५ बमोजिम नीजि तथा सार्वजनिक जग्गामा पाइप लाइन तथा संरचनाको निर्माण गर्न सकिनेछ।

(२) उपदफा (१) बमोजिम जग्गा प्राप्तिमा विवाद भएमा सम्बन्धित वडा कार्यालयले आवश्यक सहजीकरण गर्नु पर्नेछ।

(३) जग्गा प्राप्ति सम्बन्धी अन्य व्यवस्था प्रचलित कानुन बमोजिम हुनेछ।

२२. **खानेपानी तथा सरसफाइ महसुल निर्धारण**: (१) अनुमति प्राप्त संस्थाले उपलब्ध गराउने खानेपानी, सरसफाइ तथा

स्वच्छता सम्बन्धी सेवाको महसुल गाउँपालिकाले तोकेको मापदण्डको अधीनमा रहि सम्बन्धित उपभोक्ता संस्थाको साधारण सभाले निर्धारण गरे बमोजिम हुनेछ।

(२) उपभोक्ता संस्थाले खानेपानी तथा सरसफाइ सेवाको महसुल निर्धारण गर्दा आयोजनाको लागत, खानेपानीको गुणस्तर, सेवाको स्तर, उपभोक्ताहरूको योगदान, उपभोक्ताको वृहत हित, उपभोक्ताको क्रयशक्तिलाई आधार मान्नु पर्नेछ।

(३) अनुमति प्राप्त संस्थाले यस दफा बमोजिम निर्धारण गरिएको महसुल गाउँपालिकाबाट स्वीकृत गराउनु पर्नेछ।

२३. **मर्मत संभार कार्यकर्ताको व्यवस्था**: (१) हरेक अनुमति प्राप्त संस्थाले आयोजनाको नियमत मर्मत सम्भारका लागि कम्तीमा एक जना मर्मत सम्भार कार्यकर्ताको व्यवस्था गरी गाउँपालिकालाई जानकारी दिनु पर्नेछ।

(२) उपदफा (१) बमोजिमका मर्मत सम्भार कार्यकर्ताको आवश्यक क्षमता विकास गरी गाउँपालिकाले मर्मत सम्भार कार्यकर्ता सूचीकरण प्रमाणपत्र दिनेछ।

## परिच्छेद-६

## सरसफाइ तथा स्वच्छता

२४. **शौचालय बनाउनु पर्ने**: (१) गाउँपालिका क्षेत्रका सबै घर परिवार, सार्वजनिक सेवा प्रदायक कार्यालय, बिद्यालय, व्यवसाय संचालकले अनिवार्य शौचालय बनाउनु पर्नेछ।

(२) मेला तथा हाट बजार लाग्ने स्थलमा सोको व्यवस्थापन गर्ने निकायले शौचालयको व्यवस्था गर्नु पर्नेछ।

(३) गाउँपालिकाले कार्यालय तथा बिद्यालयको शौचालय र सार्वजनिक शौचालयको सञ्चालन तथा व्यवस्थापनको मापदण्ड र कार्यविधि बनाई लागू गर्नेछ।

(४) यस दफा बमोजिम घरायसी शौचालय निर्माण गर्न नसक्ने विपन्न परिवारका लागि गाउँपालिकाले अनुदानको व्यवस्था गर्न सक्नेछ।

२५. **महिनावारी स्वच्छता कायम गर्ने:** (१) महिनावारी भएको अवस्थामा प्रत्येक घरपरिवारले सुरक्षित आवास र सरसफाइ तथा स्वच्छतामा पहुँचको सुनिश्चित गर्नु पर्नेछ।

(२) हरेक संस्थागत शौचालयमा अनिवार्य स्यानिटरी प्याड विसर्जन ट्याङ्की सहितको महिलाका लागि छुट्टै शौचालयको व्यवस्थापन गर्नु पर्नेछ।

(३) विद्यालय समयमा छात्रा तथा महिला शिक्षकको लागि स्यानिटरी प्याडको व्यवस्थापन गर्नु पर्नेछ।

२६. **खानेपानी, सरसफाइ तथा स्वच्छता योजना तयार गर्ने**: (१) खानेपानी तथा सरसफाइ सेवाको दीगो, प्रभावकारी तथा समावेशी व्यवस्थापन सुनिश्चित गर्न गाउँपालिकाले खानेपानी, सरसफाइ तथा स्वच्छता योजना तयार गर्नुपर्नेछ।

(२) उपदफा (१) बमोजिम योजना तयार गर्दा खानेपानीको स्रोत संरक्षण, सेवा विस्तार, गुणस्तर सुधार,

सरसफाइ प्रवर्द्धन, स्वच्छता व्यवहार परिवर्तन, वातावरणीय संरक्षण तथा जोखिम न्यूनीकरणका विषयहरू समावेश गर्नुपर्नेछ।

(३) योजना तयार गर्दा महिला, बालबालिका, अपाङ्गता भएका व्यक्ति, दलित, आदिवासी जनजाति, सीमान्तकृत समुदाय, विपन्न वर्ग तथा अन्य सरोकारवालाको सहभागिता सुनिश्चित गर्नुपर्नेछ।

## परिच्छेद-७

## कोष सम्बन्धी

२७. **खानेपानी सरसफाइ तथा स्वच्छता कोष**: (१) खानेपानी, सरसफाइ तथा स्वच्छताको व्यवस्थापनका लागि गाउँपालिका स्तरमा छुट्टै कोष रहनेछ।

(२) उपदफा (१) बमोजिमको कोषमा देहायका रकमहरू रहनेछन्:-

(क) नेपाल सरकार, प्रदेश सरकारबाट प्राप्त रकम,

(ख) नेपाली नागरिक, व्यक्ति वा सङ्घ संस्थाबाट प्राप्त रकम,

(ग) विदेशी व्यक्ति, सरकार वा अन्तराष्ट्रिय सङ्घ संस्थाबाट प्राप्त रकम,

(घ) अनुमति प्राप्त संस्थाबाट तोकिएबमोजिम प्राप्त हुने रकम

(ङ) यस ऐनको उल्लङ्घनमा भएको दण्ड जरिवाना वापत प्राप्त रकम, र

(च) अन्य कुनै स्रोतबाट प्राप्त रकम।

(३) उपदफा (२) को खण्ड (ग) बमोजिमको रकम प्राप्त गर्नु अघि नेपाल सरकार अर्थ मन्त्रालयको स्वीकृति लिनु पर्नेछ।

(४) कोषको लेखापरीक्षण महालेखा परीक्षकबाट हुनेछ

(५) कोषको सञ्चालन तोकिएबमोजिम हुनेछ।

(६) उपदफा (१) बमोजिमको कोषमा रहने रकम तथा त्यस्तो कोषको सञ्चालन सम्बन्धी अन्य व्यवस्था तोकिएबमोजिम हुनेछ।

२८. **मर्मत संभार कोषको व्यवस्थापन:** (१) हरेक उपभोक्ता संस्थाले आयोजनाको दिगो व्यवस्थापनका लागि एक मर्मत संम्भार कोषको व्यवस्था गर्नु पर्नेछ।

(२) उपदफा (१) बमोजिमको कोषमा रहने रकम तथा त्यस्तो कोषको सञ्चालन सम्बन्धी अन्य व्यवस्था सम्बन्धित उपभोक्ता संस्थाले तोकेबमोजिम हुनेछ।

## परिच्छेद-८

## जरिवाना सम्बन्धी व्यवस्था

२९. **जरिवाना गर्न सकिने**: कसैले देहायको कुनै काम गरे वा गराएमा देहायबमोजिमको जरिवाना गर्न सकिनेछ;

(क) यस ऐन वा यस ऐन अन्तर्गत बनेका नियम, मापदण्ड, कार्यविधि वा आदेशको उल्लङ्घन गर्ने व्यक्ति, उपभोक्ता संस्था वा अनुमति प्राप्त संस्थालाई

गाउँपालिकाले पाँच हजार रुपैयाँदेखि पचास हजार रुपैयाँसम्म जरिवाना गर्न सक्नेछ।

(ख) जरिवाना गर्ने अधिकार गाउँपालिकाको कार्यपालिकामा निहित रहनेछ।

(ग) यस दफा बमोजिम असुल भएको रकम खानेपानी, सरसफाइ तथा स्वच्छता कोषमा जम्मा गरिनेछ।

३०. **<u>प्रचलित कानुन बमोजिम सजाय हुने</u>**: सङ्घीय खानेपानी तथा सरसफाइ ऐन २०७९ को दफा ४२ बमोजिमको कसूरमा सोहि कानुनले तोके बमोजिम सजाय हुनेछ।

३१. **<u>क्षतिपुर्ति भराई दिन सक्ने</u>**: यस ऐनमा भएका व्यवस्थाको उलंघन गरी खानेपानीको स्रोत, संरचना वा सार्वजनिक स्वास्थ्यमा क्षति पुगेमा गाउँपालिकाले सम्बन्धित पक्षबाट क्षतिपूर्ति असुल उपर गर्न सक्नेछ।

३२. **<u>कारवाही चलाउने तथा दण्ड जरिवाना गर्ने अधिकारी</u>**: यस ऐन बमोजिम दण्ड जरिवाना गर्ने अधिकार प्रमुख प्रशासकीय अधिकृतलाई हुनेछ।

३३. **<u>पुनरावेदन दिन सकिने</u>**: दफा ३० र ३२ गरेको जरिवानाको आदेश उपर चित्त नबुझ्ने व्यक्ति, वा सङ्घ संस्थाले त्यस्तो आदेश भएको मितिले पैतीस दिन भित्र सम्बन्धित जिल्ला अदालतमा पुनरावेदन दिन सक्नेछ।

## परिच्छेद-९

## विविध

३४. **भूमिगत पानीको उपयोग र संरक्षण गर्ने**: गाउँपालिकाले नेपाल सरकारले बनाएको भूमिगत पानीको उपयोग र संरक्षण सम्बन्धी मापदण्डको अधिमा रहि भूमिगत पानीको उपयोग र संरक्षण सम्बन्धी मापदण्ड बनाई लागू गर्न सक्नेछ।

३५. **पुरस्कार सम्बन्धी व्यवस्था**: खानेपानी, सरसफाइ तथा स्वच्छता क्षेत्रमा उल्लेखनीय योगदान गर्ने व्यक्ति, सङ्घ संस्था वा समुदायलाई गाउँपालिकाले आवश्यक पुरस्कारको व्यवस्था गर्न सक्नेछ।

३६. **निर्देशन दिन सक्ने**: गाउँपालिकाले उपभोक्ता संस्था, अनुमतिपत्र प्राप्त संस्था वा सेवा प्रदायक अन्य सङ्घ संस्थालाई खानेपानी, तथा सरसफाइ र स्वच्छता सम्बन्धी आयोजनाको निर्माण, सञ्चालन तथा व्यवस्थापन र उपभोक्ता सेवाका विषयमा आवश्यक निर्देशन दिन सक्नेछ र त्यस्तो निर्देशनको पालना गर्नु सम्बन्धित सबैको कर्तव्य हुनेछ।

३७. **अधिकार प्रत्यायोजन**: अध्यक्षले यस ऐन बमोजिम प्राप्त गरेको अधिकार उपाध्यक्ष वा कुनै सदस्य वा प्रशासकीय अधिकृत वा सम्बन्धित कर्मचारीलाई प्रत्यायोजन गर्न सक्नेछन्।

३८. **नियम बनाउन सक्ने**: गाउँपालिकाले यस ऐनको उद्देश्य पूर्तिको लागि आवश्यक नियमहरू बनाउन सक्नेछ।

३९. **निर्देशिका, कार्यविधि र मार्गदर्शन बनाउन सक्ने**: यो ऐन तथा यस ऐन अन्तर्गत बनेको नियमको प्रतिकुल नहुने गरी

कार्यपालिकाले आवश्यक निर्देशिका, कार्यविधि, मार्गदर्शन बनाई लागू गर्न सक्नेछ।

४०. <u>बचाउ</u>: यस ऐनको उद्देश्य तथा विषय क्षेत्रमा प्रचलित कानुन बमोजिम यस अघि भएका कार्यहरू यसै ऐन बमोजिम भएको मानिनेछ।

**आज्ञाले**
दिर्घ बहादुर खड्का
नि. प्रमुख प्रशासकीय अधिकृत

मेल्लेख गाउँपालिका